# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम


**याङ्वरक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थर्पु, पाँचथर**

२०८२ साल असार १० गते मंगलवार अध्यक्ष श्री भिम बहादुर योङ्या ज्यूले गाउँसभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर

# खण्ड १ – परिचय र समीक्षा

## १.१ पृष्ठभूमी

**याङवरक गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, सभा सचिवालयका कर्मचारी, पत्रकार, सुरक्षा कर्मी ज्यूहरु,**

- नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तिन तहको सरकार अन्तर्गत यस याङवरक गाउँपालिकाको आगामी दिनको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस गरेको छु।
- सर्वप्रथम, नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्षहरुमा शहादत हुनु भएका आदरणीय वीर अमर शहीदहरुको त्याग र बलिदानलाई भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न चुनौतीका वावजुद आफ्नो व्यक्तिगत स्वार्थ र जीवन भन्दा माथि उठेर राष्ट्रिय स्वार्थ र आवश्यकताको लागि अहोरात्र खटिनुभएका, अतुलनीय, अवर्णनीय योगदान पुर्याउनुभएका तमाम जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।
- नेपाल सरकारले **समृद्ध नेपाल सुखी नेपाली**को उद्देश्य परिकल्पना गरेर विगतमा आफ्ना योजना तथा कार्यक्रमहरु अघि सारेको छ। तसर्थ मैले पनि आज याङवरक गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम पेश गर्दा सोही उद्देश्यलाई सहयोग पुग्ने गरी पेश गरेको छु। यस क्षेत्रको सर्वाङ्गीण तथा सन्तुलित विकास गर्दै गाउँबासीहरुको समग्र आर्थिक सामाजिक स्तरमा अभुतपुर्ण रुपमा सकारात्मक परिवर्तन ल्याउन गाउँपालिका परिवार लागेको छ। यस गाउँपालिकालाई बालमैत्री, पोषणमैत्री, युवामैत्री, महिलामैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री तथा वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्दै, सुशासन, पारदर्शिता कायम गर्दै, छिटो छरितो र प्रभावकारी सेवा प्रवाह गर्दै नेपालकै नमुना गाउँपालिकाको रुपमा विकास गर्न हामी दत्तचित्तका साथ लागि परेका छौं। यस कार्यमा सहयोग प्रदान गर्न सम्पुर्ण जनप्रतिनिधि, बुद्धिजिवि, समाजसेवी, गाउँबासी तथा सरोकारवालाहरुको रचनात्मक सहयोगको अपिल गर्दछु।

- यस याङवरक गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट प्राथमिकिकरण तथा तर्जुमा गर्दा नेपालको संविधानको अनुसुची ८ र ९, नेपाल सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण, समपुरक, विशेष तथा सशर्त अनुदान, नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्वताहरु, दीगो विकास लक्ष, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न आदेश, निर्देशन तथा परिपत्रहरु, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतिकरण, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ स्थानीय सरकार संचालन ऐन, २०७४, अन्य प्रचलित विद्यमान ऐन कानूनहरु, बिभिन्न विषयगत मन्त्रालयहरु, कार्यालयहरु, संघ संस्थाहरु बाट प्राप्त मार्ग निर्देशन, सुझाव तथा अपेक्षा, बिभिन्न बिज्ञ, समितिहरुका राय, सल्लाह तथा सुझावहरु तथा आम नागरिकहरुको सुझाव, आम याङवरकबासीको अपेक्षा समेतलाई हृदयङ्गम गरी यस सम्मानित सभामा प्रस्तुत गरेको छु।

**सभाका सदस्य ज्यूहरु,**

अव म यस गरिमामय सभामा चालु आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमहरुको समीक्षा पेश गर्दछु।

## (क) आर्थिक क्षेत्र

**कृषिः-**

- कृषि विकास शाखाबाट आ.व २०८१/८२ मा संचालन भएका विभिन्न कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको तथ्याङ्क छोटकरीमा प्रस्तुत गर्न चाहन्छु।
- सत प्रतिशत अनुदानमा ९ सय भन्दा बढि कृषकहरुलाई विभिन्न जातको तरकारीको बिउ-बिजन वितरण गरिएको छ।
- बाली संरक्षण कार्यक्रम अन्तर्गत समस्याग्रस्त बालीहरुमा रोग तथा किरा नियन्त्रण गर्न प्राविधिक सल्लाह सहित निःशुल्क बिषादी वितरण गरिएको छ।
- उत्पादनोपरान्त व्यवस्थापन तथा कृषिमा यान्त्रिकीकरण गर्नको निम्ति ५० प्रतिशत अनुदानमा १३ जना कृषकहरुलाई मिनि मिल हस्तान्तरण गरिएको छ।
- वडा नं. ३ मा मौरी पालन व्यवसाय साथै तेलहन बाली प्रवर्द्धन अन्तर्गत तोरी खेति विस्तार गरिएको छ।

- व्यवसायिक तरकारी खेति विस्तारको लागि वडा नं. १,२,३ र ६ नं. वडाका कृषकहरुलाई अनुदान सहुलियत प्रदान गरिएको छ ।
- सुन्तलाजात जन्य फलफूल बालीको खेति विस्तारको लागि २ वटा कृषक समूहहरुलाई अनुदान सहुलियत प्रदान गरिएको छ ।
- माटो परिक्षण शिबिर कार्यक्रम अन्तर्गत ३०० कृषकहरुको माटोको अम्लियपनको जाँच गरी निशुल्क कृषि चुन वितरण गरिएको छ ।
- खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान अन्तर्गत सबै वडामा मकैको बिउ वितरण सम्पन्न गरिएको छ ।
- कृषि विकास कार्यलाई समूह पद्दतिबाट संचालन गर्ने उद्देश्यका साथ ३ वटा नयाँ कृषक समूह दर्ता गरिएको छ ।
- कृषि विकास कार्यक्रमलाई थप सुव्यवस्थित र योजना बद्ध ढंगबाट संचालनको लागि याङवरक गाउँपालिकाको कृषि गुरु योजना निर्माण गरिएको छ ।
- सम्भावित क्षेत्रहरुको अध्ययन गरी किवी फलको उत्पादन तथा निर्यातमा बढवा दिनको लागि ३ वटा लाभगग्राही संस्थाहरुसंगको साझेदारीमा किवी खेति प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ ।

**पशुपन्छी शाखा :**

- पशुपंक्षी सेवा शाखाबाट आ.व २०८१/८२ मा संचालन भएका विभिन्न कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको तथ्याङ्क छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।
- आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण कार्यक्रमका लागि ९ हजार ५ सय ८० वटा पशुमा नाम्ले माटे जुका,जुम्रा,किरना, उपिँया,लुतोको औषधी निशुल्क वितरण गरिएको ।
- वडा नं. १ र २ मा रेड पाण्डा प्रोजेक्टको सहयोगमा ५० वटा कुकुर र २५ वटा बिरालोमा निशुल्क रेबिज रोगको भ्याक्सिनेशन गरिएको ।
- छुर्पी प्रवर्द्धन कार्यक्रमका लागि ४ वटा साझेदार संस्था छनौट गरी कार्यक्रम संचालन गरिएको ।
- बंगुर पालन प्रवर्द्धन कार्यक्रमका लागि ३ वटा साझेदार संस्था छनौट गरी कार्यक्रम संचालन गरिएको ।

- कुखुरा पालन प्रवर्द्धन कार्यक्रमका लागि ६ वटा साझेदार संस्था छनौट गरी कार्यक्रम संचालन गरिएको।
- गोठ तथा भकारो सुधार कार्यक्रमका लागि १३ जना लाभग्राही छनौट गरी कार्यक्रम संचालन गरिएको।
- सवै वडाहरुमा कृत्रिम गर्भाधान सेवा संचालन हुँदै आएको छ। यस आ.व. मा. ९ सय ६० गाई र १ सय ८० भैंसीमा गरी जम्मा १ हजार १ सय ४० वटा पशुमा कृत्रिम गर्भाधान सेवा पुर्याईएको।
- ५ हजार ६ सय ४७ गाई तथा भैंसीमा खोरेत, ११ हजार ४ सय ६६ वटा भेडा तथा बाख्रामा PPR र १ हजार ६ सय ६१ वटा बंगुरमा CSF विरुद्धको खोप लगाईएको।
- यस आ.व. मा ४ कृषि तथा पशुपंक्षी फर्म दर्ता गरिएको।

**उद्यम विकास शाखा**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको अभिमुखिकरण कार्यक्रम वडा नं. ५ मा सम्पन्न गरिएको छ।
- सहभागितात्मक ग्रामिण लेखाजोखा (पिआरए) तथा स्रोत सम्भाव्यता अध्यन कार्यक्रम वडा नं. ५मा सम्पन्न गरिएको छ।
- घरघुरी सर्भेक्षण तथा सम्भावित लघु उद्यमी पहिचान कार्यक्रमबाट वडा नं. ५ मा रहेका १० जना सहभागीहरु छनौट गरिएको छ।
- वडा नं. ५ का १० जना सहभागिहरुलाई उद्यमशीलता विकास तालिम दिइएको छ।
- वडा नं. ५ मा रहेका १० जना सहभागिहरुलाई १ महिने ब्याग बनाउने सीप विकास तालिम सम्पन्न गरिएको छ।
- उद्यमीको स्तरोन्नति तर्फ ४ दिने व्यवसायिक तरकारी खेति सम्बन्धि कार्यक्रम सबै वडाका १० जना सहभागीहरुले लिएका छन्।
- ब्याग बनाउने सिलाई कटाई तालिम लिइसकेका वडा नं. ५ का १० जना सहभागीहरुलाई १० थान सिलाई कटाई मेसीन वितरण गरिएको छ।
- अति गरिब परिवारका लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र (उद्यम घर) वडा नं. १ च्याङथापुमा निर्माणाधिन अवस्थामा रहेको छ।

**पर्यटन**

- पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज, अनुसन्धान, संरक्षण तथा सम्बर्द्धन गर्न यस गाउँपालिका अन्तर्गतका तिम्बुङपोखरी, कालोपानी, गुम्से, लामपोखरी, चोलुङपार्कलाई याङवरक गाउँपालिकाको पर्यटन विकास गर्नको लागि पहल गरिएको छ । **पर्यटन पुर्वाधार विकास कार्यक्रम** अन्तर्गत निशान कालिकाधाम तथा याङवरक पोखरी संरक्षण योजना सम्पन्न भएकोछ ।
- यस गाउँपालिका भित्रका विभिन्न पर्यटकीय स्थलहरुको प्रवर्द्धन र विकासको लागि पर्यटन गुरुयोजना निर्माणाधिन अवस्थामा रहेको छ ।

**सहकारी**

- याङवरक गाउँपालिका भित्र सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरुको नियमित रुपमा अनुगमन तथा नियमनका कार्यहरु भइरहेको ।
- सवै नागरिकहरुलाई विद्युतको पहुँचमा पुऱ्याउनको लागि दुई वटा विद्युत सहकारी संस्थाहरुलाई आवश्यक अनुदान प्रदान गरी विद्युतीकरणको लागि सहयोग गरिएको ।

**(ख) सामाजिक क्षेत्र**

**शिक्षाः-**

- याङवरक गाउँपालिका वडा नं. २ मा अवस्थित श्री नारायनी मा.वि.मा ICT ल्याब स्थापना, सुढृढीकरण तथा डिजिटल लाइब्रेरी व्यवस्थापनका कार्य सम्पन्न भइसकेको छ ।
- आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रमको स्रोत सामग्री निर्माण गर्ने काम सम्पन्न भएको छ ।
- स्थानीय मातृभाषालाई प्रोत्साहन गर्नको लागि लिम्बु भाषा (आनीपान) अध्यापन गराइरहेको सोको लागि २५ जना शिक्षकहरुलाई तालिम सञ्चालन गरिएको छ ।
- आधारभूत तह कक्षा ५ मा २ सय ७५ र कक्षा ८ मा २ सय ५७ गरी कुल ५३२ जना विद्यार्थीहरुको पालिकास्तरीय वार्षिक परीक्षा व्यवस्थित र मर्यादित तवरले सञ्चालन गरी ग्रेडसिट उपलब्ध गराइएको छ।
- श्री विष्णु माध्यमिक विद्यालय च्याङ्थापुमा आवासीय छात्रवृत्ती कार्यक्रम सञ्चालन गरी सोको लागि अनुदान समेत उपलब्ध गराइएको छ र सो आवासीय छात्रवृत्ती

अन्तर्गत कक्षा १-५ मा अध्ययनरत जम्मा १६ जना विद्यार्थीहरुले प्रत्यक्ष लाभ लिइरहेका छ ।

- विद्यालयमा आधारीत र समुदायमा आधारीत बालविकास केन्द्रहरुमा बाल सिकाई सामग्रीहरुको व्यवस्था गरिएको छ ।
- विद्यालयमा भर्ना भएका १-८ सम्मका सबै छात्रा तथा दलित विद्यार्थीहरुलाई छात्रवृत्ती उपलब्ध गराइएको छ
- शिक्षा शाखाबाट गत आ.व.मा सम्पादित कार्यहरुको अभिलेखिकरण गर्न शैक्षिक प्रोफाइल निर्माण गरिएको छ ।

**स्वास्थ्यः-**

- याङवरक गाउँपालिका थर्पु पाँचथरको आयोजना तथा पूर्वाञ्चल डेन्टल हस्पिटल प्रा.लि. ईटहरीको प्राविधिक सहयोगमा ज्येष्ठ नागरिक दन्तउपहार तथा निशुल्क दन्त शिविर संचालन गरिएको उक्त शिविरमा ७९ जनालाई पुरे सेट, ८४ जनालाई ४ सय ४१ वटा खुद्रा दन्त उपहार प्रदान गरिएको र काम नलाग्ने दाँत फुकाल्ने ,चेक जाँच सहित ९ सय ३८ जना विरामी लाभान्वित भएका छन ।
- याङवरक गाउँपालिका थर्पु पाँचथरको आयोजना तथा नेपाल नेत्र ज्योति संघ जिल्ला शाखा ताप्लेजुङको र पाथिभरा परामर्श सेवा केन्द्र फिदिम पाँचथरको प्राविधिक सहयोगमा विषेशज्ञ चिकित्सक बाट मोतिया विन्दुको अप्रेशन सहितको निशुल्क आँखा शिविर याङवरक आँखा उपचार केन्द्र याङवरक-४ थर्पु र स्वास्थ्य चौकी च्याङथापुमा संचालन गरिएको र उक्त शिविरवाट मोतिया विन्दुको अप्रेसन ९६ जना सहित ११ सय ९ जना बिरामी लाभान्वित भएका छन ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, मेरुदण्ड पक्षघातका विरामी र क्यानसर रोगीलाई नेपाल सरकारले उपलब्ध गराउने मासिक रु.५ हजार मा मासिक रु.२ हजार थप गरी मासिक रु.७ हजार- ४१ जना विरामीलाई रकम वितरण गरिएको छ ।
- ३ सय ५३ जना नागरिकहरुमा सकृय क्षयरोग खोजपडताल स्क्रिनिङ गरिएको छ ।
- ८१ महिलाहरुमा लागि प्रजनन रुघणताको स्क्रिनिङ गरिएको छ ।
- पुर्ण खोप सुनिश्चित गाँउपालिका घोषण गर्न सफल भईएको छ ।

- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत गाउँपालिकामा पहिलो खोप १ सय ७ जना बालबालिकाले प्राप्त गरेका छन र १ सय ८५ जना बालबालिकाले पुर्ण खोप प्राप्त गरीसकेका छन् ।
- यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरुमा २६ वटा खोप केन्द्र मार्फत जन्मेदेखि १५ महिना मुनिका वालवालिका हरुलाई पत्येक महिना राष्ट्रिय खोप तालिका अनुसार १३ प्रकारको रोग विरुद्ध प्रत्येक महिना खोप सेवा प्रदान गरिंदै आएको छ ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत २०८१ कार्तिक २-३ र २०८२ बैशाख ६-७ गरी दुई पटक संचालित कार्यक्रममा जम्मा १ हजार ४९ जना बालबालिकालाई भिटामिन ए को क्याप्सुल खुवाइएको छ । साथै सोही अभियानमा ५ वर्ष मुनिका ९ सय ४९ जना वालवालिकालाई जुकाको औषधी खुवाईएको छ ।
- यस गाउँपालिकाको सबै वडाको कुल २१ वटा केन्द्रवाट गाउँघर क्लिनिक मार्फत सेवाग्राहीले सेवा प्राप्त गर्नु भएको छ । स्वास्थ्य चौकीको भौतिक पूर्वाधार सुधार अन्तर्गत वडा नं. २ सामुदायिक स्वास्थ्य इकाई सेरेजाको भवन निर्माण सम्पन्न गरी नव निर्मित भवनबाट सेवा प्रवाह सुरु गरिएको छ ।
- गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूले पुर्याउनु भएको योगदानको कदर गर्दै यातायात खर्च शिर्षकमा मासिक २५ सयको दरले भुक्तानी गर्ने गरीएको छ ।
- बर्थिङ सेन्टरमानै सुत्केरी गराउने अभियान अन्तर्गत स्वास्थ्य चौकी थर्पु, स्वास्थ्य चौकी नागी, स्वास्थ्य चौकी ओयाम, स्वास्थ्य चौकी बेतेनी र स्वास्थ्य चौकी च्याङथापुमा जम्मा ६५ जना गर्भवती महिलाले वर्थिङ सेन्टरमा सुत्केरी गराउनु भएको छ ।
- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको ९८ प्रकारका निशुल्क औषधिहरुलाई बाह्रै महिना चौविसै घन्टा निशुल्क रुपमा उपलब्ध गर्न आवश्यक प्रवन्ध गरीएको छ ।
- जटिलताका कारण बर्थिङ सेन्टरबाट आकस्मिक रुपमा प्रेषण हुने गर्भवती तथा सुत्केरी आमाहरु २२ जना लाई एम्बुलेन्स खर्च उपलब्ध गराइएको छ ।
- एम्बुलेन्स सेवा संचालनमा ल्याईएको छ ।
- ज्येष्ठ नागरिक, दिर्घरोगी, अति असक्त नागरिक स्वास्थ्य उपचार परामर्श तथा घरदैलो कार्यक्रम १ देखि ६ वटै वडामा संचालन गरिएको छ ।

**खानेपानीः-**

- यस गाउँपालिकाका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउने प्रयोजनार्थ वडा नं. ३ मा सङ्घीय सरकारको विशेष अनुदान अन्तर्गत ओयाम वृहत खानेपानी आयोजना सम्पन्न गरिएको छ। जसबाट २३० घरपरिवार लाभान्वित भएका छन।
- बिगत आ.व. मा निर्माण सम्पन्न भइसकेका तर विपदबाट सञ्चालन अवरुद्ध भएको वडा नं ४ र ३ मा रहेको खानेपानी योजनाको चालु आ.व. मा मर्मत सम्भार गरि सञ्चालन गरीएको छ।
- गाउँपालिकाका बासिन्दालाई खानेपानी सहज रुपमा संचालन गर्नका लागी सबै वडामा करिब रु. १० लाखको पाईप खरिद गरी वितरण गरिएको छ।

**युवा तथा खेलकुदः-**

- गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको मल्टिप्रपोज कभर्डहल निर्माण कार्य सम्पन्न भई हलको समुद्धाटन कार्यक्रम सम्पन्न भएको;
- स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरी जिल्लास्तरीय प्रतियोगितामा याङवरक गाउँपालिकाले दोस्रो स्थान हासिल गर्न सफल भएको, मार्सल आर्टस अन्तर्गत उस्सु तर्फका खेलाडी छात्र गौरव बि.क. र छात्रा रेशिका काम्बाङले प्रदेशस्तरीय खेलकुद प्रतियोगिताबाट छनोट भई राष्ट्रिय स्तरमा समेत कास्य पदक प्राप्त गरेको;
- सदाझैं स्थानीय खेलाडीको प्रतिभा पहिचान तथा थप खेलकुद वृत्ति विकासको लागि वडास्तरीय फुटबल प्रतियोगिता, अन्तरपालिका स्तरीय पुरुष भलिबल प्रतियोगता, खुला व्याडमिन्टन प्रतियोगिता तथा अन्य खेलकुद प्रतियोगिताहरुको आयोजना गरिएको;
- विभिन्न पालिका तथा संघसंस्थाद्वारा आयोजित खेलकुद कार्यक्रमहरुमा खेलाडीहरुलाई सहभागी गराइएको;
- खेलाडीहरुको प्रोत्साहनको लागि समय-समयमा खेलाडी सम्मान कार्यक्रमको आयोजना गरिएको;
- युवा तथा खेलकुद विकासको लागि नयाँ खेलमैदान निर्माणको कार्यक्रमहरु थप विस्तार तथा आवश्यक खेल सामग्री वितरण गरिएको;

- विभिन्न खेलकुद संघसंस्था तथा समितिहरुलाई खेलकुद कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरिएको।

## ग) लैंगिक समानता तथा सामाजिक समावेशिकरण

**महिला वालबालिका :**

- श्री विष्णु मा.वि, श्री नारायणी मा.वि, श्री बुद्ध मा.वि, श्री गुप्तेश्वर मा.वि, श्री थर्पु मा.वि, श्री सिरिसे मा.वि र श्री गणेश मा.वि. गरी ७ वटा माध्यमिक विद्यालयहरुमा बालसञ्जालका पदाधिकारीहरुको क्षमता विकास तालिम कार्यक्रम सम्पन्न गरिऐको छ ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान र नारी दिवश कार्यक्रम सम्पन्न गरिएको छ ।
- सबै विद्यालयमा बालक्लव र सबै वडाहरुमा बालसञ्जाल गठन गरिएको छ ।
- हिंसा पिडित महिलाहरुको लागि सेवा सञ्चालन गर्न वडा नं. १ च्याङथापु र वडा नं. ४ थर्पुमा सेवा केन्द्र सञ्चालन गरिएको छ ।
- दलित लक्षित कार्यक्रम अन्तर्गत २४ थान भाटी खरिद गरी सम्वन्धित समुदायका व्यक्तिहरुलाई वितरण गरिऐको छ ।
- बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक पर्ने नीति निर्माण कार्यलाई अघि बढाउनका लागि परामर्श दातासँग सम्झौता गरी प्रारम्भिक छलफल गरिएको छ ।

**अपाङ्गता :**

- अपाङ्गता परिचय पत्र तथा अपाङ्गता भएका व्यक्तिको कामकाजलाई सहजिकरण गर्नको लागी सामाजिक विकास मन्त्रालयसँगको साझेदारीमा अपाङ्गता सहायता कक्ष सञ्चालनमा रहेको छ ।
- यस गा.पा.भित्र रहेका अपाङगता भएका व्यक्तिहरुको तथ्याङक संकलन गरिएको छ।
- आ व. २०८१/०८२ मा जम्मा २९ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ ।
- ६ जना अपाङगता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाइ २ दिने 'व्यवसायिक च्याऊ खेती ,जैविक विषादि तथा झोलमल तयार गर्ने सम्बन्धी' सिपमुलक तालिम प्रदान गरिएको ।
- २६ जना अपांगता भएका व्यक्ति लाइ सहायक सामाग्री वितरण गरिएको छ ।

- ६ जना अपाङगता भएका व्यक्तिलाइ स्वास्थ्य उपचार खर्च सहयोग गरिएको छ।
- ७ जना ओ.पि.डि. तथा मिलिजुली समुहका पदाधिकारीहरुलाई बचत तथा ऋण व्यवस्थापन सम्बन्धी २ दिने क्षमता विकास तालिम प्रदान गरिएको छ।
- याङवरक गाउँपालिका भित्रका ६० वर्ष माथिका ६ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको छ।
- ६ वटा मिलिजुली समुहहरुका लागि व्यवसाय प्रवर्द्धन अनुदान रकम उपलब्ध गराइएको छ।
- यस आ व मा जम्मा २२ जना अपाङ्गता भएका व्यक्तिहरुको घरभ्रमण गरी निजहरुको स्वास्थ्य अवस्था,समस्या गुनासोहरु को अवलोकन गरिएको छ।
- आ व ०८१/०८२ मा जम्मा २० जना अपाङ्गता भएका विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ।
- ३० जना रातो कार्ड वाहक को नि:शुल्क स्वास्थ्य बिमा र ३ जना पहेँलो कार्डवाहक अपाङ्गता भएका व्यक्तिहरुलाई ५०% साझेदारीमा स्वास्थ्य बिमा कार्यक्रम सम्पन्न भएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुको संस्था याङवरक अपाङगता संस्थालाई संस्था सुदृढिकरण तथा अपाङ्गता शसक्तिकरणको लागि अनुदान रकम उपलब्ध गरिएको छ।
- पहुँचयुक्त भौतिक संरचना हरु निर्माण शुरु भएका छन।
- आ.व. २०८१/०८२ मा जम्मा ४ जना सिपविकास तालिम प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई जिविकोपार्जन सुधारका लागि आर्थिक सहयोग गरिएको छ।
- नवदम्पत्तिका लागि शुभकामना कार्ड छपाइ गरी वितरण कार्य शुरु गरेको छ।
- प्रत्येक वडाका मिलिजुलि समुहका लागि बैठक खर्च उपलब्ध गराईएको छ।
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइएको छ।
- यस आ.व. मा जम्मा ४ जनाको कार्ड स्तरोन्नति भएको छ। (२ जना ‘ख’ वर्गको २ जना ‘क’ वर्ग)

## (ग) पूर्वाधार क्षेत्र

### सडक तथा पुल

- गाँउपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रम गरी २१.६ कि.मि सडकको मर्मत कार्य सम्पन्न हुनुका साथै ३.५ कि.मि. नयाँ सडक ट्र्याक ओपन गरिएको छ।
- बाढी तथा पहिरोबाट अवरुद्ध भएका सडकहरु सुचारु हुने बनाईएको छ।
- पैदल यात्रीहरुलाई सहज तरिकाले हिड्न ६.६ कि.मी. गोरेटो बाटो ढुङ्गाको सोलिङ गरि फुटट्राक निर्माण गरिएको छ।

### सिंचाई

- साना सिंचाई कार्यक्रम अन्तर्गत अमले ढुङ्गा मेवा खोला, ढोडडेनी, तारेभीर, फाक्लुङ फलामखोला, मेवाखोला साङखेन, लादम खोला, भुजे तिनदोभाने र शिवु खोला झोलुङ्गे सिँचाई योजना सम्पन्न भएको छ र लामासिङ्ग लामिटार मुवाखोला सिचाई योजना निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको छ।

### भवन तथा शहरी विकास

- गाउँपालिकाको वडा नं ४ स्थित थर्पुमा सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भएको छ।
- गाउँपालिका भित्र बन्ने संरचनाहरुको नक्सा पास तथा बनिसकेका घरहरुको अभिलेखिकरण गर्ने व्यवस्था मिलाइएको छ।
- बहुवर्षिय योजना अनुरुप संचालनमा रहेको १५ शैया अस्पताल भवनको मितिः २०८२ असार १० गते सम्म ६८% काम सम्पन्न भएको छ।
- बहुवर्षिय योजना अनुरुप संचालनमा रहेको थर्पु मा. वि. को एकेडेमीक भवनको निर्माण सम्पन्न भएको छ।
- निसान कालिकाधाम तथा याङवरक पोखरी घेरावाराको निर्माण कार्य सम्पन्नको अन्तिम चरणमा रहेको छ।
- बहुवर्षिय योजना अनुरुप स्वास्थ्य चौकी च्याङ्याप ुर स्वास्थ्य चौकी ओयाम बर्थिङ सेन्टर सहितको भवन करिव ४०% काम सम्पन्न गरिएको छ।

## (घ) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

- मनसुनजन्य र आगलागीजन्य विपदको लाभग्राही पहिचान गरी अनुदान सम्झौता गरी जिल्ला प्रशासन कार्यालय पाँचथर पठाइएको छ ।
- आगलागी र मनसूनजन्य विवदको पूर्ण क्षतिको पहिलो किस्ता बापत ५० हजार मध्ये संघबाट प्राप्त हुने रु. २५हजार दरले २१ घर परिवारलाई प्राप्त भएकोछ ।
- आगलागीजन्य विपदको लागि राहत सामग्री वितरण गरिएको ।
- पहिरो रोकथामको लागि तारजाली वितरण गरिएको ।

**फोहोरमैला व्यवस्थापनः**

- यसै गाउँपालिकाका वडा नं. ६ मा फोहोरमैला व्यवस्थापन गर्नको निम्ति उपलब्ध भएको जग्गामा बिस्तृत परियोजना प्रतिबेदन तयार गरिएको छ । साथै सोहि स्थानमा ल्याण्डफिल्ड साइट निर्माणको प्रारम्भिक वातावरणीय अध्ययन गरिएको छ ।

## (ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन-

**कर्मचारी प्रशासन :**

- गाउँपालिकाका कर्मचारीहरुको सीप, दक्षता, क्षमता तथा अनुभवमा विकास गर्दै प्रभावकारी कार्यसम्पादन गराउन आवश्यक केही तालिम, गोष्ठीको अवसर प्रदान गरिएको छ ।
- स्थानीय सरकारका रुपमा स्थापित गाउँपालिकाको कार्यबोझ र सेवाप्रवाहको विशिष्टता र विविधिकरणलाई मध्यनजर गरी कर्मचारीलाई आफ्नो कार्यप्रति पुर्ण परिचालन गरी सेवाप्रवाहलाई चुस्त र मितव्ययी बनाउने उद्देश्यले गाउँ कार्यपालिकाको कार्यालयमा दरबन्दीमा रहेका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा अन्य सम्पूर्ण कर्मचारीहरुलाई खाइपाई आएको एक महिनाको तलब बरावरको रकम उत्प्रेरणा खर्च स्वरुप प्रदान गरिएको छ
- यस गाउँपालिकको गौरवको रुपमा रहेको नेपालको सातौँ तथा पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाईन व्यक्तिगत घटना गाउँपालिकाका प्रभावकारी निरन्तरता दिनको लागि सबै वडा कार्यलायहरुमा आवश्यक कम्प्यूटर प्रिन्टर र इन्टरनेटको व्यवस्था गरिएको छ । तर इन्टरनेटमा धैरै समस्या आउने भएता पनि कर्मचारीहरुबाट आफ्नो निजि खर्चमा नै मोवाइल डाटाको प्रयोग गरी उक्त कार्यलाई निरन्तरता दिइरहेको छ ।

- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई विद्युतीय माध्यबाट सेवा प्रवाह गर्ने गरिएको छ। जसमा योजना, अपाङ्गता, परिचय पत्र वितरण, लेखा तथा संचितकोष व्यवस्थापन, व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा भत्ता, कर्मचारी व्यवस्थापन सूचना प्रणाली, न्यायिक समिति, मातृ तथा नवजात शिशु व्यवस्थापन प्रणाली , सार्वजिनक सम्पति व्यवस्थापन जस्ता कार्यहरु विद्युतिय प्रणालीबाट मात्र हुने गरेको छ।
- कार्यालयमा आवश्यकता अनुसार करार सेवा तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका लेखा कर्मचारीहरुलाई नियुक्त गरी कामकाजमा खटाइएको,
- याङवरक गाउँपालिका वडा नं. ५ मा रहेको मल्टीप्रपोज कभर्डहलमा वैकल्पिक उर्जाको स्रोतको रुपमा सोलार सिस्टम जडान गरी थप व्यवस्थित बनाइएको,
- याङवरक गाउँपालिका अन्तर्गत वडा नं. १, २ र ३ मा संचालिन सिंचाई योजनाहरुलाई सुरक्षा सम्बन्धी उपकरण र निर्माणको लागि चाहिने मेशिन तथा औजारहरु व्यवस्थापन गरिएको,
- गाउँपालिकामा स्थानीय सरकारको भूमिका निर्वाह गर्दै योजनाहरु प्रभावकारी ढंगले अनुगमन, संचालन गर्न, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयको अनुगमन गर्न तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउने उद्देश्यका साथ ३ थान मोटरसाईकल व्यवस्थापन गरिएको,
- कार्यालयको दैनिक प्रशासनिक कामकाजमा सहज भई सेवा प्रवाह चुस्त दुरुस्त एवम् व्यवस्थित बनाउने उद्देश्यका साथ आवश्यक स्टेसनरी तथा मेशिनरी सामानहरुको व्यवस्थापन गरिएको,
- विपद् व्यवस्थापनमा आवश्यक सामाग्रीहरु खरिद गरी आवश्यकता अनुसार वितरण गरिएको,
- सुरक्षाको पहुँचलाई सुदृढ एवम् प्रभावकारी बनाउने उद्देश्यका साथ थर्पु बजार, गणेश चोक बजार सि सि क्यामेरा मर्मत तथा निशान बजार क्षेत्रमा सि सि क्यामेरा जडान कार्य सम्पन्न गरिएको,
- विधुत नभएको समयमा समेत सेवा प्रवाहलाई असर नपर्ने उद्देश्यले प्रशासकीय भवनको लागि ब्याकअपको व्यवस्थापन गरिएको।

## (च) न्यायिक समिति

- गाउँपालिकाको सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरी हाल संचालनमा रहेको छ । जसमा आवश्यक पर्ने सामाग्रिहरु उपलब्ध गराईएको छ ।
- यस गाउँपालिकामा गरी आ.व. २०८१/०८२ मा जम्मा १ वटा मात्र विवादहरु दर्ता भएकोमा विवाद दोस्रो पक्ष उपस्थित नभएको कारण उक्त विवादलाई तारेक दिइ जिल्ला अदालत पठाइएको छ ।
- यस चालु आ.व.मा मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि ३ दिने मेलमिलाप सम्बन्धी पुनरताजकी तालिम संचाल गरिएकोमा उक्त तालिममा २७ जना मेलमिलाप कर्ताहरुले सहभागी भई तालिम लिएका छन ।
- विवाद निरुपणमा सहयोग पुग्ने अहिसात्म समाज निर्माणको लागि २ दिने अहिंसात्मक संचार सम्बन्धी तालिम संचालन गरिएमा उक्त तालिममा ३५ जनाले सहभागी भई तालिम लिएका छन ।
- मेलमिलाप कर्ताहरुलाई विवाद निरुपणमा सहयोग हुने मेलमिलाप सम्बन्धी स्रोत पुस्तीका १०० थान प्रकाशन गरी वितरण गरिएको छ ।

## बेरुजु व्यवस्थापन

- गाउँपालिकाको आ.व. २०८०/०८१ को यस चालु आ.व.मा भएको अन्तिम लेखा प्ररिक्षण प्रतिवेदन अनुसार यस गाउँपालिकाको कुल बेरुजु रु ९९ लाख ५३ हजार १ सर ५९ रहेको छ ।
- यस याङवरक गाउँपालिकाको आ.व. २०७३/०७४ देखी हाल सम्मको कुल बेरुजु रु १ करोड २८ लाख ५१ हजार १ सय ५८ रुपैया रहेको छ ।

## आन्तरिक राजश्व :

- यस गाउँपालिकाको राजश्व प्रशासनलाई चुश्त दुरुस्त र पारदर्शी बनाउनको लागि विद्युतीय प्रणलीको प्रयोग गरी राजश्व संकलनको कार्य गर्ने गरिएको छ । आ.व. २०८१/०८२ को लागि आन्तरीक राजस्व रु ७० लाख राजश्व पक्षेपण गरिएकोमा मिति २०८२ जेष्ठ मसान्त सम्ममा रु ८७ लाख २ हजार ५ सय ७६ रुपैया ८१ पैसा राजश्व उठाउन सफल भइएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क बापत जिल्ला मालपोत कार्यालय पाँचथरबाट रु ५ लाख ९५ हजार ७ सय ३ रुपैया प्राप्त भएको छ ।

**पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता :**

- यस गाउँपालिकको गौरवकोरुपमा रहेको नेपालको सातौ तथा पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाईन व्यक्तिगत घटना गाउँपालिकाका प्रभावकारी निरन्तरता दिनको लागि सबै वडा कार्यलायहरुमा आवश्यक कम्प्यूटर प्रिन्टर र इन्टरनेटको व्यवस्था गरिएको छ।
- नेपाल सरकारको नीति बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्र सहितको बयोमेटिक रुजुको कार्य सुरुवाद गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई लक्षीत गरी जिल्ला प्रशासन कार्यालय पाँचथरको सहकार्यमा राष्ट्रिय परिचय पत्र शिविर संचालन गरिएको मा उक्त शिविरबाट २ सय ६८ जनाको नयाँ राष्ट्रिय परिचय पत्र बनाइएको छ।
- प्रिन्ट भई आएका राष्ट्रिय परिचय पत्रको वितरण कार्य गाउँपालिकाबाट हुने व्यवस्था मिलाइएकोमा हाल सम्म २ सय ९८ जनाको परिचय पत्र गाउँपालिकाबाट नै वितरण गरिएको छ।
- यस गाउँपालिकाकामा आ.व.को जेष्ठ मसान्त सम्ममा निम्न अनुसारको व्यक्तिगत घटना दर्ता भएको छ।

  निम्न

  **जन्म दर्ता – ४ सय २०**

  **मृत्यु दर्ता – १ सय ६५**

  **विवाह दर्ता – १ सय ७६**

  **सम्बन्ध विच्छेद – ३९**

  **बसइ सराई दर्ता आएको – १८ परिवार ३९ जना र गएको १ सय ३० परिवार ३ सय ७३ जना**

**सभाका सदस्य ज्यूहरु :**

अब म चालु आ.ब. २०८१/०८२ को हाल सम्मको बित्तीय प्रगति प्रतिवेदन पेश गर्न चाहन्छु।

- यस गाउँपालिकाको राजश्व प्रशासनलाई चुश्त दुरुस्त र पारदर्शी बनाउनको लागि विद्युतीय प्रणालीको प्रयोग गरी राजश्व संकलनको कार्य गर्ने गरिएको छ। आ.व. २०८१/०८२ को लागि आन्तरीक राजस्व रु ७० लाख राजश्व पक्षेपण गरिएकोमा मिति २०८२ जेष्ठ मसान्त सम्ममा रु ८७ लाख २ हजार ५ सय ७६ रुपैया ८१ पैसा

राजश्व उठाउन सफल भइएको छ। घर जग्गा रजिष्ट्रेशन शुल्क बापत जिल्ला मालपोत कार्यालय पाँचथरबाट रु ५ लाख ९५ हजार ७ सय ३ रुपैया प्राप्त भएको छ।

- यस आ.व. २०८१/०८२ को जेष्ठ मसान्त सम्ममा वितिय प्रगति ६३.९५ प्रतिशत मात्र खर्च भई सकेको छ भने असार मसान्त सम्ममा सम्झौता भएका योजना तथा कार्यक्रम अनुसार ७८ प्रतिशन भन्दा बढी खर्च हुने आकलन गरिएको छ।
- चालु आ.व.मा विनियोजित कुल समानिकरण अनुदानको केहि प्रतिशत नेपाल सरकारले कट्टा गरी निकासा गरेको र राजश्व बाँडफाड पनि प्रक्षेपण अनुसारको रकम प्राप्त नभएको करण कुल खर्चको प्रतिशतमा केहि घट्नजाने अनुमान गरिएको छ।

# खण्ड २ – आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

**सभा सदस्य ज्यूहरु,**
अब म यस गाउँपालिकाको सोंच, लक्ष, उद्देश्य, अपेक्षित उपलव्धि र नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएको आधारहरु पेश गर्ने अनुमति चाहन्छु ।

**२.१ सोंच, लक्ष, उद्देश्य र अपेक्षित उपलव्धि**

**२.१.१ सोचः**

**"कृषि, वन, पर्यटन प्रवद्र्धन र समावेशी समाजको सृजना,**
**समाजवाद उन्मुख, दिगो विकाश र समृद्धि याङवरकको चाहना"**

**२.१.२ लक्ष्य**

कृषिमा आधुनिकीकरण र व्यवसायीकरण, प्रविधियुक्त गुणस्तरीय शिक्षा, उद्यमशिलता विकास, आधारभूत स्वास्थ्य सेवामा पहुँच, जैविक विविधता संरक्षण, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक पर्यटकीय स्थलको पहिचान, संरक्षण र प्रवर्धन, रोजगारी र आन्तरिक आयमा बृद्धि, वित्तिय साक्षरता प्रवर्द्धन, वातावरण तथा प्रयोगकर्तामैत्री पूर्वाधार निर्माण, स्वच्छ खानेपानी, मौलिक भाषा तथा संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्दै, समतामा आधारित न्यायपूर्ण समाज तथा सुशासन प्रवर्द्धनबाट गरिवी न्युनीकरण भई नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आएको हुने ।

**२.१.३ उद्धेश्य**

- आर्थिक विकास: समुदायको बजार र वित्तीय क्षेत्रमा पहुँच वृद्धि गरी आधुनिक प्रविधि सहितको व्यवसायिक कृषि, पशुपंछिपालन, उद्यमशिलता र पर्यटन विकास मार्फत समुदायलाई दिगो आर्थिक विकास सहित आत्मनिर्भर तर्फ उन्मूख बनाउनु,
- सामाजिक विकास: गुणस्तरीय स्वास्थ्य, शिक्षा, सहभागितामूलक कार्य पद्दति तथा विकासमा लैंगिक र समावेशी अवधारणाको अवलम्बनबाट नागरिकहरु खास गरी महिला, अपाङ्गता भएका, जनजाति, दलित तथा विपन्न वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्ने,
- पूर्वाधार विकासः दिगो तथा समावेशी पूर्वाधार विकासका माध्यमबाट नागरिकको जीवनयापनलाई सहज, स्वस्थ र मितव्ययी बनाउने,

- वन तथा तथा वातावरण: पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बद्र्धन, सार्वजनिक जग्गाको सदुपयोग, सामुदायिक, नीजि र कबुलियती वन विकास गरी समुदायको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त गाउँपालिका निर्माण गर्ने,
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन: समुदायलाइ दैवी प्रकोप सम्बन्धी सचेतना अभिवृद्धि, पुर्व तयारीका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकूलनका उपायहरुको अवलम्बन गर्ने,
- सुशासन तथा संस्थागत विकास: पूर्ण प्रविधियुक्त तथा दक्ष मानव संसाधन सहितको विद्युतिय सुशासनका माध्यमबाट नागरिकलाई जवाफदेही, पारदर्शी र प्रभावकारी सेवा प्रवाहका साथै गाउँपालिकाको आन्तरिक तथा बाह्य वित्तीय स्रोतको अभिवृद्धिमा योगदान पुर्‍याउनु ।

**विशिष्ट उद्देश्यहरु:**

- दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चितता गर्नु ।
- समावेशी विकास प्रवद्र्धन सहित असमानता न्युनीकरण गरी विकासमा सवैको अपनत्व सुनिश्चित गर्नु ।
- कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्नु ।
- शुसासन तथा गाउँपालिकावासीहरुलाई समाजिक न्यायको प्रत्याभूति गराइनु ।
- प्रविधी विकास तथा विस्तार गर्नु
- मावन अधिकार संरक्षण, दण्ड हिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु ।

**विकासका प्राथमिकताका क्षेत्रहरु:**

गाउँपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक गाउपालिकाको विकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ:

- उन्नत र व्यवसायिक कृषि तथा पशुपंछीपालन
- पर्यटन विकास

- उद्यम विकास
- स्वास्थ्य, शिक्षा
- समावेशी दीगो पूर्वाधार

### २.१.४ अपेक्षित उपलव्धि

आ.व. २०८२/८३ को अन्त्यसम्ममा देहायका उपलब्धीहरु हासिल गर्न सकिने अपेक्षा राखिएको छ,

- सडक सञ्जालको विस्तार, स्तरोन्नति भई सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।
- याङवरक गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलब्ध हुनेछ ।
- याङवरक गाउँपालिकामा गरिदैं आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याई कृषक, युवा तथा लक्षित वर्ग लाभान्वित हुनेछन् ।
- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, भ्रष्ट्राचारमूक्त बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक समितिले आम नागरिकको विश्वास जित्ने गरी सत्यतथ्यको आधारमा विवादको निरुपण गर्नेछ ।

**सभाका सदस्य ज्यूहरु,**

अव म यस गरिमामय गाउँसभामा याङवरक गाउँपालिकाले आ.व. २०८२।०८३ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

### २.२.१ मुलभूत नीति तथा कार्यक्रमः

- पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।
- गाउँपालिका भित्र संचालन हुने विकास निर्माण, भौतिक पूर्वाधारका योजनाहरूमा ३% (तिन प्रतिशत) प्राविधिक खर्च (Contingency Cost) काटिनेछ ।
- गाउँपालिका भित्र संचालन हुने योजनाहरु तथा बिषयगत कार्यालय, विद्यालय, स्वास्थ्यचौकी तथा अन्य सरकारी, गैरसरकारी निकाय, सहकारी, संघसंस्थाको

अनुगमन, सुपरिबेक्षणलाई प्रभावकारी बनाउन हरेक हप्ता एउटा वडामा अनुगमन गरिनेछ।

- गाउँपालिका तथा वडा कार्यालयलाई बिभिन्न योजना तथा कार्यक्रमको लागि निशुल्क रुपमा जग्गा प्रदान गर्ने जग्गादाताहरुलाई उच्च सम्मान गरिनेछ।
- आ.व.को अन्तीय मात्र सम्पन्न गर्ने बिकासको बानीलाइ हटाउन आ.ब. को शुरुमा नै बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी चैत्र भित्रमा योजना कार्यान्वयन गर्न पहल गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गतका सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई नम्स बमोजिम सबै वडामा समानुपातिक रुपमा गा.पा.को आवश्यकता अनुसारको सम्बोधन हुने गरी योजना छनोट गरी सुचिकृत बरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिनेछ।
- सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण गर्नको लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट जारी भएका ऐन नियम निर्देशनहरुको पूर्णरुपमा पालना गरी यस गाउँपालिकालाई पूर्ण घटना दर्ता गाउँपालिका बनाइने छ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभागले उपलब्ध गराएको तालिम खाका बमोजिम घटना दर्ता तथा सामाजिक सूरक्षा सम्बन्धमा गाउँपालिका तथा वडा कार्यालयको कर्मचारीहरुको लागि तालिम तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा वडामा मेलमिलाप केन्द्रको व्यवस्था र मेलमिलापकर्ताको क्षमता अभिबृद्दि गरी न्यायिक समितिबाट गरिने विवाद निरुपणको कार्यलाई वडा तहमा विस्तार गरिनेछ।
- सङ्घीय सरकार र प्रदेश सरकारबाट संचालीत योजना तथा कार्यक्रमहरु संचालन गर्दा गाउँपालिका सँग सम्पर्क  समन्वय र गाउँपालिकाको तर्फबाट अनिर्वाय अनुगमन गरेर मात्र संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- सङ्घीय सरकार र प्रदेश सरकारबाट संचालीत योजना तथा कार्यक्रमहरु (ठेक्का प्रकृयाबाट संचालन हुने बाहेकका) पालिकाको निति अनुरुप संचालन गर्नको लागि पहल गरिनेछ।
- गाउँपालिकाको आन्तरिक राजस्व संकलनमा महालेखा नियन्त्रणको कार्यालयबाट जारी गरीएको संचितकोष व्यवस्थापन प्रणालीमा आधारीत राजस्व मोडुल प्रणालीको पूर्णरुपले संचालन गरिनेछ।

- गाउँपालिका वा वडा वाट विनियोजनि योजना संचालन गर्दा टोल विकास संस्था वा अन्य संघ सस्था मार्फत संचालन गरेको खण्डमा लागत सहभागीता तथा श्रमदानलाई २० प्रतिशतमा नघटाइ संचालन गरिने छ।

**२.२.२ क्षेत्रगत नीति तथा कार्यक्रम**

**आर्थिक विकास**

**क) कृषि विकास शाखा**

- कृषक समुहहरुको मागलाई आधार बनाई तुलनात्मक लाभका बालीहरु जस्तै फलफुल बाली, तरकारी बाली, तेलहनबाली, मसलाबाली, खाद्यान्नबालि लगाएतका विषयमा कृषकको क्षमता वृद्धि तालिम संचालन गरिने छ।
- कृषि क्षेत्रमा देखा परेका रोग तथा किराहरु नियन्त्रणका लागि बाली संरक्षणका कार्यक्रमहरु अन्तर्गत बालि उपचार शिविर संचालन तथा आवश्यक विषादि निःशुल्क वितरण गरिने छ।
- रैथाने बालिहरुको उत्पादन वृद्दि तथा प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिने छ।
- साना तथा मझौला कृषकहरुको पोषण सुरक्षाका लागि विभिन्न बालीहरुको उन्नत विउविजनहरु सहज आपूर्ति तथा ब्यबस्थापन गरिने छ।
- कृषि प्रसारलाई सबल र सुद्दढ तुल्याउन आवश्यकता प्राविधिक जनशक्ति ब्यबस्थापन गरिने छ।
- विगत तिन आ.व. बाट संचालित किसान सुचिकरण कार्यक्रममा संकलित तथाङ्ककलाई प्रमाणिकरण गरि किसान परिचय पत्र वितरण गरिने छ।
- कृषि सेवालाई प्रभावकारी बनाउन कृषि तथा पशुपन्छीको तथ्याङ्क अध्यावधिक गरिने छ।
- प्रमुख नगदे बालीहरुमा आधुनिकीकरण र ब्यबसायीकारण मार्फत उत्पादकत्व वृद्धि गर्न कृषि यान्त्रीकीकरण तथा बजारिकरणलाई जोड दिईने छ।
- फलफूलको खेति विस्तार,उत्पादन बृद्धि तथा प्रवर्द्धन गर्न बिभिन्न जातका फलफूलको विरुवा वितरण गरिने छ।
- कृषिमा व्यवसायिकरण गर्न मागमा आधारित विभिन्न बालीको खेति विस्तार गर्नको लागि अनुदान/सहुलियत प्रदान गरिने छ।

## ख) पशुपंक्षी सेवा शाखा

- कृषकहरुलाई पशुजन्य पदार्थ उत्पादनमा आत्मनिर्भर बनाउन नश्ल सुधारका लागि कृत्रिम गर्भाधारण कार्यक्रमलाई  प्रभावकारी रुपमा सञ्चालन तथा कार्यन्वयनमा ल्याइने छ।
- पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोग तथा अन्य समस्याहरुको निदानको लागि प्राविधिक जनशक्ति सहित आवश्यक औषधी निशुल्क रुपमा वितरणको व्यवस्था मिलाईने छ।
- गाउँपालिकालाई स्वच्छ सफा ताजा र निरोगी मासू र दुग्ध पदार्थमा आत्मनिर्भर बनाउन विशेष पहल गरिने छ।
- छुर्पि तथा दुग्धजन्य पदार्थ निर्यातमा बृद्धि गर्नको लागि यस सँग सम्वन्धित कार्यक्रम सञ्चालन गरिने छ।
- पशु आहारा व्यवस्थापन तथा उपभोगमा अभिवृद्धि गरी उत्पादन वृद्धि गराउन आधुनिक प्रविधिमा आधारित व्यवसायिक पशुपालनमा जोड दिइने छ।

## ग) पर्यटन

- आन्तरिक तथा पर्यटनको प्रवल संभावना रहेको तिम्बुङपोखरी जाने पर्यटकहरुलाई लक्षित गर्दै पैदल मार्ग निर्माण गरिने छ।
- याङवरक गाउँपालिकाको पहिचान बोकेको निशान कालिका धाम तथा याङवरक पोखरी पर्यटन पूर्वाधार निर्माण कार्यलाई पूर्णता दिइने छ।
- आन्तरिक तथा वाह्य पर्यटनको प्रवर्धन गर्न कालोपानी क्षत्रको स्तरउन्नति गरिने छ।

## घ) उद्योग

- प्रविधिक सिप विकासका लागि सिप विकास सम्बन्धी तालिम संचालन गरि रोजगार सिर्जना गरिने छ।
- आधुनिक प्रविधि हस्तान्तरण गरि उद्यम व्यवसाय संचालन गर्न प्रोत्साहन गरिने छ।
- वडा तथा पालिका स्तरमा साना तथा घरेलु उद्योग सञ्चालनको लागि प्रोत्साहन गरिने छ।

**ङ) सहकारी**

- सहकारी संस्थाहरुको सँस्थागत सुदृढिकरणका लागि कोपोमिस (COPOMIS) अनिवार्य रुपमा लागु गरिने छ । साथै ऐन तथा नियमावली बमोजिम सहकारी सञ्चालन गर्न अभिमुखिकरण कार्यक्रम गरी वित्तिय साक्षरतामा जोड दिइने छ ।
- सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउन साथै सदस्यहरुको क्षमता विकासका लागि व्यवस्थापकीय अभिमुखीकरणलाइ जोड दिइनेछ ।
- सहकारीको मन्त्रःआत्मा निर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रुपमा परिचालन गर्न लेखा व्यवस्थापन तालिमको माध्यमवाट सहकारीको वित्तीय कारोवारको सुरक्षाको नीतिलाइ अवलम्वन गरिने छ ।

**सामाजिक बिकासः**

**क) शिक्षाः**

- यस गाउँपालिका अन्तर्गतका बिभिन्न बिद्यालयको भौतिक पूर्वाधारहरुको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तर अभिबृद्धिमा जोड दिइनेछ।
- विद्यालयहरुलाई प्रविधीमैत्रि बनाउन आवश्यक पहल गरिनेछ ।
- कक्षा १ देखी १२ सम्मका बालबालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तकको उपलब्धता समयमै गराइने छ ।
- याङवरक १ च्याङथापूमा स्थापना गरीएको आवासीय विद्यालयलाई व्यवस्थित र प्रभावकारीरुपमा संचालन गरिनेछ ।
- कक्षा ५, ८ र १० परीक्षामा उत्कृष्ठ नतिजा ल्याउने छात्रछात्रालाई उचित पुरस्कारको व्यवस्था गरिने छ ।
- शिक्षक, विद्यालय कर्मचारी, स. का. हरुलाई क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालय अनुगमन कार्यलाई प्रभावकारी गराइनेछ ।
- दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको पोषण अवस्था सुधार गरी स्थानीय स्तरमा उत्पादित खाद्यवस्तुको प्रयोग गरी विद्यालयमै तयार गरी दिवाखाजा खुवाउने व्यवस्था मिलाइनेछ।
- स्थानीय पाठ्यक्रम(कक्षा ६-८) को स्रोत पुस्तिका निर्माण गरी स्थानिय विषयको शिक्षण कार्यमा सहजता ल्याइनेछ ।

- स्थानीय मातृभाषालाईलाई प्रोत्साहन गर्न स्थानिय मातृभाषा अध्यापन गर्ने शिक्षकहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- गुणस्तरीय शिक्षण सिकाई र विद्यालय व्यवस्थापनको आधारमा यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमध्ये उत्कृष्ठ विद्यालयहरुलाई विषेश प्रोत्साहनको व्यवस्था गरिनेछ।
- बालबिकास केन्द्रहरुको व्यवस्थापन पक्षमा सुधार गरी शैक्षिक सामग्रीहरुयुक्त बालकक्षा निर्माणमा जोड दिइने छ।
- याङवरक गाउँपालिकाको शैक्षिक विकासलाई योजनावद्धरुपमा व्यवस्थित गर्न गाउँ शिक्षा योजना निर्माण गरिनेछ।

**ख) स्वास्थ्यः**

- भौगोलिक विकटता, सुविधा सम्पन्न स्वास्थ्य सेवाको अभाव कम्जोर आर्थिक अवस्थाको कारण खास गरी गर्भवति,सुत्केरी, अपाङ्गता भएका व्यक्ति, एकल महिला बृद्ध, बृद्धा, टुहुरा, वेसाहारा एवम् विपन्न कुनैपनि नागरिक अकालमा ज्यान गुमाउने अवस्था आउन नदिन एम्बलेन्स सेवा संचालन गरिने छ।
- सुनौला १००० दिने आमा तथा बच्चाहरुको स्वास्थ्य अवस्था निगरानी तथा व्यवस्थापन सम्बन्धि विद्युतिय प्रणाली सफ्टवेर निर्माण गरि अभिलेख प्रतिवेदन गरी सेवको पहुँचमा ल्याईने छ।
- ज्येष्ठ नागरिक, दिर्घरोगी, अति असक्त नागरिक स्वास्थ्य उपचार परामर्श तथा घरदैलो कार्यक्रम १ देखि ६ वटै वडामा संचालन गर्ने कार्यक्रम व्यवस्थित रुपमा संचालन गरिने छ।
- यस आ.व.मा च्याङथापु, फलैचा, ओयाम, थर्पु र नागी स्वास्थ्य चौकी बाट किशोर किशोरी मैत्री सेवा सुरु गरिनेछ।
- पुर्ण खोप सुनिश्चित पालिका घोषणा तथा दिगोपनाको लागि बजेट विनियोजन गरिने छ।
- जटिलतायुक्त गर्भवति सुत्केरीलाई आकस्मिक प्रेशण गर्नको लागि बजेट गरिने छ।
- मातृतथा नवशिशु विरामी तथा मृत्यु दर घटारउन र संस्थागत सुत्केरी बढाउन आवश्यक कार्यक्रमको लागि बजेट विनियोजन गरिने छ।
- पोषण मैत्री पालिका घोषणको गर्न पोषण सुधारको कार्यक्रम संचालनका लागि आवश्यक वजेट विनियोजन गरिने छ।

- महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकहरुलाई प्रोत्साहन स्वरुप मासिक रुपमा खाजा खर्च र यातायात खर्च वितरण गरिने छ।
- मृगौला प्रत्यरोपण गरेका, डायलाईसि गराईरहेका, क्यान्सर रोगी मेरुदण्ड पक्षघातका विरामीलाई नेपाल सरकारले उपब्ध गराउने  रकम मा रु २ हजार थप रकम दिने कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्वास्थ्य चौकी च्याङथापु र ओयामको  नेपाल सरकारको मापदण्ड अनुसारको भवन निर्माण कार्य सम्पन्न गरी सकिएको छ। उक्त भवन वाट  गुणस्तरीय सेवा संचालन गरिने छ।
- नागरिकलाई आधारभुत  स्वास्थय सेवाको लागि निशुल्क औषधी खरिदको लागि बजेट विनियोन गरिने छ।
- विभिन्न  माहामारी रोकथामको लागि आवश्यक बजेट विनियोजन गरिने छ।
- राष्ट्रिय अभियान अतर्गतका कार्यक्रमलाई  निरन्तरता दिईने  छ।
- आँखा, दाँत लगायतका विभिन्न शिविर संचालनको लागि आवश्यक बजेट विनियोजन गरिने छ।
- खोप केन्द्र, गाउँघर क्लिनिक भवन, स्तनपान कक्ष, पोषण कर्नर निर्माण तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिने छ।

**ग) खानेपानी तथा सरसफाईः**

- निसान पोखरि देखि दाहाल गाउँमा **एकघर एकधारा** सहितको स्वच्छ पिउनेपानी उपलब्ध हुनेगरि निर्माण सम्पन्न गरिने  छ।
- **एकघर एकधारा, स्वच्छ पिउने पानी सबैको आवश्यक्ता** भन्ने नारालाई अवलब्बन गरिनेछ।
- स्थायी खानेपानीका मुलहरुको सरसफाई तथा संरक्षण गरिनेछ। साथै नागरिकहरुले खाइरहेको मुलको गुणस्तर परीक्षण गरिनेछ।
- **एकघर एकधारा, स्वच्छ पिउने पानी सबैको आवश्यक्ता**को आधारमा गाउँपालिका भित्रको मुल खोजि विस्तृत योजना अध्ययन गरिनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

**क) महिला बालवालिका:**

- बालमैत्री स्थानीय तह घोषणा गर्नका लागी पूरा गर्नुपर्ने सूचकहरुलाई पूरा गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरी घोषणाको तयारी गरिनेछ ।
- सबै विद्यालयहरुमा गठन भएका बालक्लब, सबै वडा र पालिकामा गठन भएका बाल सञ्जालहरुलाई क्रियाशील बनाई परिचालन गरिनेछ।
- महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई मूलप्रवाहीकरणमा ल्याई सशक्तिकरणको विकास गरी सम्मानजनक सहभागीता गराइनेछ ।
- किशोर किशोरीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाहमा कमी ल्याउनको लागि सचेतना अभिवृद्धि गरिनेछ ।
- हिंसा पिडित महिलाहरुको लागि स्थापना गरिऐको सेवा केन्द्रलाई थप सुधार गरी व्यवस्थित गरिनेछ।

**ख) अपाङ्गता रोकथाम तथा पुनस्थापना :**

- लैंगिक समानता तथा सामाजिक समावेशिकरण शिर्षकमा र सामाजिक विकास मन्त्रालयसँगको साझेदारीमा अपाङ्गता रोकथाम र पुनर्स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण अन्तर्गत महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिकाहरुको सशक्तिकरण तथा सीप, क्षमता विकासमा जोड दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि कानुनमा व्यवस्था भएका सेवा सुविधालाई कार्यान्वयनमा ल्याईने छ साथै आयआर्जनमुलक तथा सिपमुलक कार्यक्रमहरुमा जोड दिईनेछ ।
- WHO को मापदण्ड अनुरुपको सहायक सामाग्री वितरण गरिईने छ ।
- अपाङ्गता परिचयपत्रको पहुँचमा नपुगेका व्यक्तिहरुको खोजि कार्य गरी अपाङ्गता परिचयपत्रको पहुँचमा बृद्धि गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य उपचार सहयोगमा अभिबृद्धि गरीने छ ।

- यस गाउँपालिकामा निर्माण हुने भौतिक संरचनाहरु पहुँचयुक्त बनाईने कुरामा जोड दिईनेछ ।
- अपाङगता छात्रवृत्ति समय मै प्रदान गरिनेछ साथै नि:शुल्क शिक्षालाई प्राथमिकतामा राखि सामुदायिक विद्यालयहरुमा अनुगमन मुल्याङ्कन गरिनेछ ।

**ग) युवा तथा खेलकुद**

- खेलकुद विकासका लागि प्रारम्भिक थलोको रूपमा रहेका विद्यालयहरूलाई केन्द्रविन्दु बनाई प्रतिभाको खोजी, पहिचान र संरक्षण गरिनेछ ।
- गाउँपालिका तथा वडास्तरीय खेलकुद विकास समिति गठन गरी गाउँपालिकाभित्र अस्थित्वमा रहेका सम्पूर्ण खेलकुदसँग सम्बन्धित संघ-संस्थाहरु गाउँपालिकाको खेलकुद विकास ऐन बमोजिम दर्ता तथा नविकरण गरी खेलकुद कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- याङवरक गाउँपालिकाको खेलकुद विकास ऐनको अधिनमा रही खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सबै वडाहरुमा खेलकुद कार्यक्रम सञ्चालनको लागि आधारभूत पूर्वाधार निर्माणमा थप विस्तार गरिनेछ ।
- सबै विद्यालयहरुमा पर्याप्त खेलमैदानको व्यवस्थापनमा जोड दिइनेछ ।
- खेलाडीहरुको प्रोत्साहनका लागि खेलाडी सम्मानका कार्यक्रमहरु थप विस्तार गरिनेछ।
- खेलकुद विकासका लागि प्रारम्भिक थलोको रूपमा रहेका विद्यालय तथा वडा अन्तर्गतका खेलकुद संघ-संस्थाहरुलाई खेल सामग्री वितरण गरिनेछ ।

**पूर्वाधार विकासः**

**क. सडक तथा पुलः**

- याङवरक गाउँपालिका भित्रका गाउँपालिकाबाट निर्माण गरेका सडकहरुलाई स्तरउन्नतीको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- याङवरक गाउँपालिका अन्तरगत बनेका र बनिने सडकको क्षेत्राधिकार सहित भविस्यमा मर्मत तथा नयाँ निर्माण गर्नको निम्ति प्राथमिकिकरण सहितको सडक गरुयोजना निर्माण गरिनेछ ।

- विस्तृत परियोजना प्रतिवेदन तयार भएका सडक निर्माणका आयोजनाहरुको लागि सङ्घीय सरकार र प्रदेश सरकार समक्ष माग गरिनेछ।
- आवश्यक्ता अनुसार सडक तथा पूलहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।
- चिवाभञ्ज्याङ- तिम्बुङ पोखरी पैदल मार्ग निर्माण गर्दै लगिनेछ।
- पालिका भित्रका आपतकालीन सडक पूर्वाधरको मर्मत सम्भार गर्नको लागी पालिकाकै जे. सि. वि. मार्फत गर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिका अन्तर्गतका जिर्णोदर भएका झो.पु हरुको मर्मत तथा सम्भार गरिनेछ।

## ख. भवन तथा शहरी विकास

- याङवरक गाउँपालिका भित्रको भवन तथा संरचनाहरुको नक्सा पास तथा अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ।
- विगतका वर्ष देखी सञ्चालनमा रहेको १५ शैया अस्पताल निर्माणलाई पूर्णता दिइनेछ।
- बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी नागीको नयाँ भवन निर्माण सुरुवात गरिनेछ।
- स्वास्थ्य चौकी ओयाम र स्वास्थ्य चौकी च्याङथापु बर्थिङ सेन्टर सहितको भवन निर्माणको सम्पन्न गरिनेछ।
- नवनिर्मित प्रशासकीय भवनमा आवश्यक पार्कीङ तथा क्यान्टिनको व्यवस्था गरिनेछ।
- गाउँपालिका अन्तरगतका जिर्णोदर भएका भवनहरुको मर्मत तथा सवलिकरण गरिनेछ।
- गाउँपालिकाको पहिचान सहित पर्यटकलाई जानकारि गराउनको निमित्त याङवरक गेट निर्माण गरिनेछ।

## ग. सिंचाईः

- याङवरक गाउँपालिकाको सिंचाइका स्रोतहरुको सम्भाब्यता अध्ययन गरिनेछ।
- सिंचाइ आयोजना संचालनको लागि स्विस सरकार, संघ सरकार, प्रदेश सरकार, यस गाउँपालिका र स्थानीयको साझेदारीमा १ वटा नयाँ साना सिंचाइ कार्यक्रम संचालन गरिनेछ र क्रमागत १ वटा योजनालाई निरन्तरता दिइनेछ। जसबाट करिब १८१ हेक्टर जमिन सिंचित हुने अनुमान गरिएको छ।

- बिगतमा सम्पन्न भएका तर प्राकृतिक प्रकोपले क्षेति पुर्याएको विरुवाखोला बाबाँटे थिङ्गेपुर, सेलेजुङ, कसरिया, लादम खोला, कागुने, सिक्टेन, सिमाले र नावाखोला सिम्ले सिँचाइ योजनाको मर्मत गरिनेछ।

**वातावरण तथा विपद व्यवस्थापनः**

**क) वन तथा भू-संरक्षणः**

- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा बृक्षा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा टोल विकास संस्थाहरुलाई जिम्मा दिइनेछ।
- बहुमुल्य तथा लोपोन्मुख जडिबुटी तथा वनस्पतिहरुको संरक्षण र संबर्द्धन गरी अबैध चोरी निकासी निरुत्साहित गरिनेछ। त्यस्ता कार्यको लागि पनि टोल विकास संस्थालाई जिम्मेवारी प्रदान गरिनेछ।

**ख) फोहोरमैला व्यवस्थापनः**

- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापनको लागि पहल गरिनेछ।
- यसै गाउँपालिकाका वडा नं. ६ सुनुवार गोलाइ, गणेश चोक, मुकुबङ, याङसिबुङ र थर्पु बजार सम्मको फोहरमैला व्यवस्थापनको लागि सेनिटरी ल्याडफिल्ड साईटको आवश्यक व्यवस्थापन गरि फोहोरमैला विसर्जन गर्ने व्यवस्था गरिने छ।
- सेनिटरी ल्याडफिल्ड साइटको लागि जग्गा प्राप्ती प्रकृया अगाडी बढाइ उक्त स्थानको समुचित व्यवस्था गरिनेछ।

**ग) विपद व्यवस्थापनः**

- यस गाउँपालिकाका नागरिकहरुलाई बाढी, पहिरो जस्ता प्राकृतिक विपद्बाट सिर्जित परिस्थितिको ब्यवस्थापनको लागी तार जाली वितरण गरिनेछ।
- प्राकृतिक प्रकोपको कारण घरबार बिहिन भएका ब्यक्तिहरुलाई उचित राहतको ब्यबस्था गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाहः**

- यस गाउँपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन, कागज रहित तथा अनलाइन सेवाको प्रवर्द्धन गर्न आवश्यक सूचना प्रविधि पूर्वाधार सहित प्रयोग भइरहेका सफ्टवेयरहरुलाई व्यवस्थित गरी आवश्यकताको आधारमा थप सफ्टवेयरहरुको प्रयोगमा जोड दिइने छ ।
- सबै कर्मचारीहरुलाई सूचना प्रविधि मैत्री बनाउनको लागि सूचना प्रविधि सम्बन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, जेसी अडीट (GESI Audit) जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । सुचना अधिकारी र गुनासो सुन्ने अधिकारीलाई क्रियाशिल बनाई सूचना आदानप्रदान तथा गुनासो समाधान गर्ने परिपाटीलाई व्यवस्थित गराइनेछ।
- गाउँपालिकामा आवश्यक र उपर्युक्त थप कानुनहरुको तयार गरी गाउँबासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ ।
- संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहलाई प्रदत्त अधिकार अनुसारको कार्यलाई सबल, प्रभावकारी, नतिजा उन्मुख, पारदर्शी रुपमा कार्यान्वयन गर्न कर्मचारीहरुमा पर्न सक्ने कार्यबोझ तथा समयको अभावलाई मध्यनजर गदै कर्मचारीलाई कार्यसम्पादनमा आधारीत प्रोत्साहन भत्ता तथा उत्प्रेरणा खर्च उपलब्ध गराइनेछ ।
- आर्थिक पारदर्शिताको लागि वडा कार्यालयमा कार्यरत विषयगत शाखाका कर्मचारी, वडा सचिव तथा सम्बन्धिति कर्मचारीहरुलाई आवश्यक ऐन, कानुन ( सम्बन्धि अभिमुखिकरण तालिम उपलब्ध गराइनेछ ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित बनाउनका लागि वडा सचिवहरुलाई सो सम्बन्धि पुनर्ताजगी तालिमको आयोजना गरिने छ ।
- गाउँपालिकाको तथ्याङ्क, सूचना, संकलन, प्रशोधन एवं विश्लेषणमा एकरूपता र स्तरीयता कायम गर्नुका साथै तथ्याङ्कमा आधारित योजना तर्जुमा गर्न तथा निर्णयमा सहजता ल्याउने उद्देश्यले गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माणलाई पूर्णता प्रदान गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।

- कार्यालयको दैनिक प्रशासनिक कामकाजमा सहज भई सेवा प्रवाह चुस्त दुरुस्त एवम् व्यवस्थित बनाउने उद्देश्यका साथ आवश्यक स्टेसनरी तथा मेशिनरी सामानहरु व्यवस्थापन गरिनेछ ।
- सम्पूर्ण गाउँपालिका अन्तर्गतका कार्यालयहरुको जिन्सी निरिक्षण गरी सार्वजनिक सम्पतिको संरक्षण तथा मर्मत सम्भारमा जोड दिइनेछ ।

**क) सामाजिक सुरक्षा तथा पञ्जीकरण:**

- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिनेछ ।
- याङवरक गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी राष्ट्रिय परिचयपत्र बनाउनका लागि शिविर सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित बनाउनका लागि वडा सचिवहरुलाई सो सम्बन्धी पुनर्ताजगी तालिमको आयोजना गरिनेछ ।
- यस गाउँपालिकाका सबै वडा कार्यलयको घटना दर्ताको अभिलेखलाई व्यवस्थित बनाइनेछ ।
- व्यक्तिगत घटना दर्तालाई प्राथमिकतामा राखि व्यक्तिगत घटना दर्ता सप्ताहको रुपमा सवै वडामा शिविर सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण गर्न सवै वडाको वैकल्पिक उर्जा तथा इन्टरनेटको सुविधा भएमा पायक टोलमा शिविर सञ्चालन समेत गरिनेछ ।

**ख) न्यायीक समिति**

- सबै वडाका मेलमिलाप कर्ताहरुको क्षमता विकास गरी न्यायीक समितिमा दर्ता भएका विवादहरुको मेलमिलापको माध्यबाट विवाद निरुपणमा जोड दिइने छ ।
- न्यायको पँहुज बृद्धिको लागी जनप्रतिनिधि, न्यायिक समिति र कर्मचारीहरुको क्षमता विकासमा जोड दिइने छ ।
- न्यायिक समिति र मेलमिलापकर्ताहरुबाट हुने न्याय निरुपणको विषयमा वडा स्तरमा सचेतना कार्यक्रम संचालन गरिने छ ।

### ग) श्रम तथा रोजगार

- बेरोजगार ब्यक्तिको पहिचान गरि सूचिकृत गर्ने र अध्यावधिक गर्ने ।
- रोजगारीको अवशरहरुको पहिचान र सूचना प्रवाह गरिनेछ ।
- रोजगारदातालाई श्रमिकको उपलब्धता सम्बन्धी जानकारी र रोजगार सम्बन्धी अन्य जानकारी दिईनेछ।
- बेरोजगार ब्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभुति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रवर्द्धन गरिनेछ ।
- आन्तरिक रोजगारी सृजना सम्बन्धी गरि रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको संचालनमा संघ प्रदेश र स्थानिय तहबिच समन्वय गरिनेछ ।
- बैदेशिक रोजगारीमा जान चाहने ब्यक्तिहरुको लागि ब्यक्तिगत श्रम स्विकृती तथा सूचनामा पँहुच पुर्याउन लागि आवश्यक सहजीकरण गरिनेछ ।
- समुदाय स्तरमा बैदेशिक रोजगारमा गएका वा फर्किएका व्यक्तिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहका सरोकारवालाहरुलाई (सामी) सुरक्षीत आप्रवासन सम्बन्धी अभीमुखिकरण कार्यक्रम गरिनेछ ।

## वित्तीय व्यवस्थापन र सुशासनः

### क) राजस्व परिचालनः

- करका दरहरु न्युन गरी करका दायरा विस्तार गरिनेछ ।
- **हामीले तिरेको कर समृद्ध याङवरक निर्माण आधार** भन्ने नारालाई राजस्व परिचालनको नारा वनाईनेछ ।
- जनताले तिरेको करलाई जनताको अधिकतम हितको लागि उपयोग गरिनेछ ।
- करका प्रशासनिक प्रक्रियाहरु सरल हुनेछन् ।
- कर प्रशासनमा आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी स्वचालित प्रणालीमा आवद्ध गरिनेछ ।
- कर छली र चुहावट रोक्न शून्य सहनशीलताको नीति लिइनेछ ।

- गाउँपालिकाको राजश्व वृद्धिका लागि याङवरक गाउँपालिका नागरिक, टोल विकास संस्था, करदाता, व्यवसायी, बुद्धिजिवी लगायतसँग हातेमालो गर्न तथा राय सल्लाह र सुझावहरु लिइनेछ।
- स्थानीय नागरिकहरुलाई करको दायरामा ल्याउन तथा कर तिर्ने बानीको विकास गर्नको लागि अभिमुखिकरण तथा कर शिक्षा प्रदान गरिने छ।
- संचित कोष व्यवस्थापन प्रणाली सुत्रमा आधारीत राजस्व मोडुल प्रणालीको पूर्णरुपमा अवलम्बन गरी उक्त प्रणालीलाई लागु गरीनेछ।

**ख) बेरुजु फर्छ्यौट:**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ। साथै गाउँपालिका तथा वडामा रहेको बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ। समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ। वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका वनाइनेछ।

**सभा सदस्य ज्यूहरु,**

यस बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको भविष्य उज्वल हुनुको साथै समृद्ब तथा विकसित बन्नेछ र याङवरकवासी तमाम दाजु भाई दिदी बिहानीहरुको आय आर्जनमा वृद्बि हुंदै नेपाल सरकारले लिएको **"समृद्ब नेपाल सुखी नेपाली"** भन्ने नारा र याङवरक गाउँपालिकाले लिएको "कृषि, वन, पर्यटन प्रवद्र्धन र समावेशी समाजको सृजना समाजवाद उन्मुख, दिगो विकाश र समृद्धि याङवरकको चाहना" नारा साकार हुनेछ भन्ने अपेक्षा लिएको छु। बजेटको कार्यान्वयनको लागि समग्र सरकारी, गैरसरकारी संघ संस्था, आम जनसमुदाय, वुद्बिजिवि, नागरिक समाज, राजनीतिक दल लगायत सबैले प्रभावकारी ढंगले आफ्नो भुमिका निर्वाह गर्नु हुनेछ भन्ने आशा, विश्वास लिएकोछु।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु।

**धन्यवाद। सेवारो !!**